२००८

नेपाली

पहिलो पत्र

( सामान्य भाषा विज्ञान र नेपाली भाषाको अध्ययन )

द्वितीयार्द्ध

( नेपाली भाषा-अध्ययन )

समय : दुई घण्टा पूर्णाङ्क : ५०

१। 'प्राकृत' र 'अपभ्रंश' को स्वरूप भेद चिनाउँदै 'रवसप्राकृत' र 'रवस अपभ्रंश'- का अवधारणाका आधार स्पष्ट्याउनु होस्। २०

अथवा

नेपाली भाषाको अध्ययन गर्ने क्रामा स्वदेशी विद्वान् हल्ले गोका कार्यको कालक्रमिक लेखाजोखा प्रस्तुत गर्नुहोस्।

२। कुनै दुई विषय लिई टिप्पणी लेख्नुहोस्। १०×२=२०

अ) देवनागरीलिपि र नेपालीमा यसको प्रयोग।

आ) नेपाली को भाषा-भूगोल।

इ) नेपाली को रूपार्थपरक व्याकरण व्यवस्था।

ई) नेपाली शब्द निर्माण प्रक्रिया।

३। कुनै पाँच विषयमा संक्षिप्त टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभित्र लेखिवारो हनुपर्छ। ५×२=१०

क) नेपालीमा आदर-प्रयोग।

[ Turn over

PG-I/DE/08 (New)

२००८

नेपाली

पहिलो पत्र

( सामान्य भाषा विज्ञान र नेपाली भाषाको अध्ययन )

प्रथमार्द्ध

सामान्य भाषाविज्ञान

समय : दुई घण्टा पूर्णाङ्क : ५०

१। भाषाको परिभाषा दिएर भाषाको स्वरूप र प्रकृति चिनाउँदै भाषिक व्यवस्थाका विविध घटकहार माझको सोपानक्रमिक अन्तःसम्बन्धको सोदाहरण चर्चा गर्नुहोस्। २०

अथवा

स्वर र व्यञ्जन ध्वनिको वर्गीकरण आधारका रूपमा संवार-विवार, घोष-अघोष, अल्पप्राण-महाप्राण एवम् उदात्त-अनुदात्त प्रयत्नहार उदाहरणसहित चिनाउनु होस्।

२। कुनै दुई विषयमा टिप्पणी लेख्नु होस्। १०×२=२०

अ) ध्वनि परिवर्तन का काहण र दिशा।

आ) अर्थ र अर्थ-परिवर्तन।

इ) तुलनात्मक र ऐतिहासिक भाषाविज्ञान।

ई) वाक्य-संरचना र वाक्य-प्रशारवन।

[ Turn over

३। कुनै पाँच विषय लिई संक्षिप्त टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभित्र को हनुपर्छ। ५×२=१०

क) मानक भाषा।

ख) लाङ र प्यारोल।

ग) कोशीम।

घ) स्वन र स्वनिम।

ङ) रूप र रूपिम।

च) वाग्ध्वनि र वर्ण।

छ) मध्यसर्ग।

ज) रूपस्वनिमिक व्यवस्था।

झ) बद्धरूपिम र मुक्तरूपमि।

ञ) श्लिष्ट योगात्मक भाषा।



ख) नेपाली घोष र अघोष ध्वनि।

ग) वर्ण र अक्षर।

घ) नेपाली भाषामा अङ्ग्रेजी शब्द को प्रयोग।

ङ) जनजिब्रो।

च) पाद्री टर्नबुल।

छ) पारसमणि प्रधान।

ज) मध्यचद्रिका।

झ) गो० भा० प्र० स०।

ञ) नेपाली अनुकरणात्मक शब्द।

२००८

नेपाली

दोस्रो पत्र

( नेपाली साहित्यको इतिहास )

द्वितायार्द्ध

( आधुनिक नेपाली साहित्यको इतिहास )

समय : दुई घण्टा                                   पूर्णाङ्क : ५०

१। 'आधुनिक', 'उत्तरआधुनिक', 'समकालीन' र 'आधुनिकोत्तर' पदावलीहरूको अर्थ स्पष्ट पारी सन् १९१८ देखि यताको नेपाली कविता साहित्यमा आधुनिकताको स्वरूप निरूपण गर्नुहोस्। २०

अथवा

यथार्थवाद र अतियथार्थवाद माझको सैद्धान्तिक भिन्नता स्पष्ट पारी आधुनिक नेपाली गद्याख्यानमा यी दुईमध्ये कुन 'वाद'को वर्चस्व बढी छ र किन? जानकारी गराउनुहोस्।

२। कुनै दुईवटा विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस्। १०×२=२०

क) नेपाली साहित्यमा बैद्धिक निबन्ध लेखनको विकास।

ख) आधुनिक नेपाली नाटक-साहित्यका उल्लेखनीय प्रवृत्तिहरू।

ग) आधुनिक भारतीय नेपाली साहित्यको विकासक्रममा देखिएका माइलखुट्टीहरू।

घ) आदर्शवाद र प्रगतिवाद माझको सैद्धान्तिक साइनो।

[ Turn over



२००८

नेपाली

दोस्रो पत्र

( नेपाली साहित्यको इतिहास )

प्रथमार्द्ध

( साहित्येतिहासको अवधारणा, अध्ययन पद्धति र आधुनिककालपूर्वको नेपाली साहित्यको इतिहास )

समय : दुई घण्टा                                   पूर्णाङ्क : ५०

१। साहित्येतिहासको स्वरूप र प्रकृति स्पष्ट पारी साहित्येतिहासका विविध प्रकारहरूबारे सविस्तार चर्चा गर्नुहोस्। २०

अथवा

माध्यमिककालीन नेपाली साहित्य-रचनाको पृष्ठभूमि केलाएर यस काललाई मोतीयुग, तथा 'शृङ्गार काल' भनिनाका कारणहार दर्शाउँदै यस्तो नामकरणको औचित्य बारे समीक्षा गर्नुहोस्।

२। कुनै दुईवटा विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस्। १०×२=२०

अ) ज्ञानदिलदासको कृतित्व।

आ) मोतीमण्डली।

इ) माध्यमिककालीन नेपाली पत्र-पत्रिकाहरू।

ई) माध्यमिककालीन नेपाली छापाखाना र प्रकाशन व्यवस्था।

[ Turn over

३। कुनै पाँचवटा को टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभित्र हुनु आवश्यक छ : ५×२=१०

क) 'पञ्चतन्त्र'।

ख) 'दिव्योपदेश'।

ग) सधुक्कडी भाषा।

घ) 'ए ग्रामर अव् नेप्लिज ल्याङ्ग्वेज।'

ङ) 'रामगीता'।

च) 'गोर्खे खबर् कागत्'।

छ) सदाशिव शर्मा।

ज) पहलमानसिंह स्वाँर।

झ) प्रसमान प्रधान।

ञ) 'वीरचरित्र'।



३। कुनै पाँचवटाको परिचयात्मक टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभित्र हुनु आवश्यक छ : ५×२=१०

क) 'शाकुन्तल'।

ख) 'खैरिनी घाट'।

ग) 'मैयाँसाहेब'।

घ) 'नीलकण्ठ'।

ङ) 'बिर्सिएको संस्कृति'।

च) 'मौलो'।

छ) 'चिहान नपाएका तक्माहरू'।

ज) 'द्रोह'।

झ) 'कर्मायण'।

ञ) 'आस्ताचलतिर'।

२००८

# नेपाली

## तेस्रो पत्र

## ( नेपाली कविता )

### प्रथमार्द्ध

### ( प्रारम्भदेखि देवकोटासम्म )

समय : दुई घण्टा — पूर्णाङ्क : ५०

१। नेपाली वीरधाराका कविहरूले अँगालेका मुख्य मुख्य प्रवृत्तिहरूको सम्यक् चर्चा गरे र यदुनाथ पोखरेलको "स्तुतिपद्य-१" को विश्लेषण र विवेचना गर्नुहोस्। ८+१२=२०

अथवा

" 'तरूण तपसी'-मा विचार, भाव र शैली संश्लिष्ट बनेको पाइन्छ"— सोदाहरण विवेचना गर्नुहोस्।

२। कुनै दुई विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : २×१०=२०

क) मोतीराम भट्टका गजलहरू।

ख) "प्रमिथस"-मा अभिव्यञ्जित मानवतावादी क्रान्तिकारी स्वर।

ग) नेपाली भक्तिकाव्यको विकासमा भानुभक्त आचार्यको योगदान।

घ) कवि पतञ्जलि गजुरेल र उनका कविता।

[ Turn over

३। कुनै पाँच प्रश्नको उत्तर लेख्नुहोस्। प्रत्येक प्रश्नोत्तर पाँचदेखि सात वाक्यभित्र हुनु आवश्यक छ : ५×२=१०

क) साहित्यमा 'समस्यापूर्ति' भन्नाले के बुझ्नु हुन्छ ?

नेपाली साहित्यमा समस्यापूर्तिको प्रचलन कहिलेदेखि र कसबाट भएको मानिएको छ ? के यसबाट नेपाली साहित्य ले गतिलिन सकेको अनुभव हुन्छ ?

ख) ''मन्दोदरीले तब् खड्ग खोसिन्।

कारूण्यले जानकिलाइ पोसिन्।।

आज्ञा गर्‍यो रावणले त फेरि।

हे राक्षसी हो सुन बात मेरी।।''

— प्रस्तुत कविता पङ्क्तिका रचयिता को हुन् ? यी कविता पङ्क्ति कुन छन्दमा छन् ? छन्दका लक्षण सहित त्यस छन्दको नाम लेख्नुहोस्।

ग) कस्तो काव्यलाई ज्ञानाश्रयी भक्तिकाव्य भनिन्छ ? ज्ञानाश्रयी भक्तिकाव्यको उद्देश्य के हो ?

घ) 'कवि स्रष्टा हो र द्रष्टा पनि हो'— भनेर के भनेको हो ? किन भनेको हो ?

ङ) 'आठ् औतार् हरिका व्यतित् हुन गया बौद्धै कलङ्की रह्या।

चाँडै नै हरिद्वारदेखि ति पनी वैकुण्ठमा गै गया।।''

—प्रस्तुत कविता पङ्क्तिका रचयिता को हुन् ? हरिका जम्मा कति अवतार मानिएका छन् र ती के के हुन् ? एकादिक्रमले हरिका अवतारहरूको नाम लेख्नुहोस्।



च) कविता र कवित्व भन्नाले के बुझ्नु हुन्छ ? स्पष्ट पार्नुहोस्।

छ) ''जो यो तत्वमसी छ वाक्य यसको वाक्यार्थजानी लिनू।

यस्मा तिन् पद छन् ति तीन पदका तात्पर्यमा मन् दिनू।।''

— 'तत्त्वमसि भनेको के हो ? यसका तीन पदहरूके के के हुन 'तत्वमसि'को तात्पर्य के हो ?

ज) '' 'सूलिसिन्धु' एउटा क्रान्तिकारी प्रकाशन हो।''— हो ? कसरी ?

झ) 'कस्ती नायिकालाई विप्रलब्धा नायिका भनिन्छ ? विप्रलब्धा र खण्डिता नायिकामा के अन्तर छ ?

ञ) ''भन्छन् भन्न त धर्मशास्त्रहरूले पाप् पञ्च-पातक् भनी।

यी पाँच्पातकदेखि बद्ता अरू पाप् कयै छैन भन्ने अनी।।

के जान्नन् ऋषिले विपद्‌विरहिको यस्तो हुने हो भनी।

यस्तो पातकिलाई के ही नहुने के धर्म होला अनी।।''

— प्रस्तुत कविता पङ्क्ति का रचयिता को हुन् ? 'पञ्च-पातक' भने को के हो र ती पञ्च-पातक के के हुन् ?

२००८

नेपाली

चौथो पत्र

( नेपाली गद्याख्यान )

प्रथमार्द्ध

( नेपाली कथा )

समय : दुई घण्टा पूर्णाङ्क : ५०

१। आधुनिक नेपाली कथाको विकासका कारणहरू खुट्ट्याउँदै रूपनारायण सिंहका कथामा पाइने आधुनिकताका लक्ष्मणहरू केलाउनुहोस् अनि 'कथा-नवरत्न'-का कथामा रहेका नारी-चरित्रको विश्लेषणात्मक अध्ययन गर्नुहोस्। २०

अथवा

नेपाली कथामा मनोवैज्ञानिक यथार्थवादको विकास गर्ने कार्यमा भवानी भिक्षुको भूमिकामाथि पर्यवेक्षण गर्दै उनको 'माउज्ञङबाबु साहेबको कोट' कथामा सामाजिक र मनोवैज्ञानिक दुवै पक्षको समायोजन भएको छ भन्ने कुरा को सत्यासत्य प्रमाणित गर्ने बुँदाहरु प्रस्तुत गर्नुहोस्।

२। कुनै दुईवटा विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

क) 'दोषी चश्मा' कथाको व्यङ्ग्यार्थ।

ख) शिवकुमार राईका कथामा पात्र-विधान।

ग) 'रातभरि हुरी चल्यो' कथामा जीवन-दर्शन।

घ) 'स्वास्नीमान्छे' कथाका लोग्नेमान्छे।

[ Turn over



२००८

नेपाली

तेस्रो पत्र

( कविता )

द्वितीयार्द्ध

( समदेखि ओकिउयामा ग्वाइनसम्म )

समय : दुई घण्टा पूर्णाङ्क : ५०

१। ''ईश्वरवल्लभले प्रयोग गर्नुभएका प्रतीकहरू साधन मात्र होइनन्, प्रतीक-हरूनै कविता हुन्छन्।'' — यस कथनका आधारमा उनका पठित कविताहरूको विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्नुहोस्। २०

अथवा

बालकृष्ण समदेखि ओकिउयामा ग्वाइनसम्म आइपुग्दा नेपाली कवितामा पाइने मानवतावादी स्वरको विवेचनात्मक अध्ययन प्रस्तुत गर्नुहोस्।

२। निम्न कुनै दुई विषयबारे समीक्षात्मक टिप्पणी लेख्नुहोस् : २×१०=२०

क) आधुनिक कवितामा बिम्ब र मिथक को प्रयोग र उपयोगिता।

ख) सहज पठन र सहज सम्प्रेषणका सन्दर्भमा कटुवालका कविताहरू।

ग) ग्वाइन को 'हामी' शीर्षक कविताको आशय र प्राप्ति।

घ) कविका रूपमा वैरागी काइँला।

[ Turn over

३। निम्नलिखित कुनै पाँचवटा प्रश्नको उत्तर लेख्नुहोस्। प्रत्येक उत्तर पाँचदेखि सात वाक्यभित्र हुनुपर्छ : ५×२=१०

क) 'कविता भावनाको बौद्धिक कोमलता हो।'' — हो ? किन ?

ख) 'तिमी को ?' कविताको 'तिमी' को हो ? प्रश्न गराइको मूल लक्ष्य के छ ?

ग) 'जलेको प्रतिविम्ब रोएकी प्रतिध्वनि' मा 'प्रतिबिम्ब'– को तात्पर्य के हो ?

घ) 'मेरो आमाले आत्महत्या गरेको देश' मा सङ्केतित 'देश' कुन हो अनि आमाले किन आत्महत्या गर्नुपर्‍यो ?

ङ) 'सिंहिनी : लालसाको अग्नि कुण्ड' को बिम्ब–अर्थ के हो ?

च) 'गल्लीका कविताहरू' शीर्षक को तात्पर्य के हो ?

छ) 'खडेरी परेको छ आज जिन्दगीमा'— कवितामा 'खडेरी'को तात्पर्य के हो ? जिन्दगीमा साँचै खडेरी लाग्छ ? कसरी ?

ज) तपाईंलाई भूपि शेरचनको कुन कविता मन पर्छ ? मन पराउनाको आधार के हो ?

झ) नेपाली कवितामा ओकिउयामा ग्वाईन — ले कुन प्रवृत्ति को प्रतिनिधित्व गोरका छन् ?

ञ) छन्द र लयमा के भिन्नता छ ?





३। कुनै पाँच प्रश्नको उत्तर लेख्नुहोस्। प्रत्येक प्रश्नके उत्तर पाँचदेखि सात वाक्यभित्र हुनु आवश्यक छ : ५×२=१०

क) खलनायक र प्रतिनायकमाझ के कस्तो समानता र असमानता पाइन्छ ?

ख) वर्गीय पात्र भनेको के हो ? उदाहरण दिनुहोस्।

ग) आख्यान्को संरचना भन्नाले के बुझिन्छ ?

घ) कथामा द्वन्द्वको के भूमिका छ ? आन्तरिक द्वन्द्व भने को के हो ?

ङ) 'इच्छा बाँचिरहन्छ' कस्तो कथा हो ? यसको शैलीबारे दुई वाक्य लेख्नुहोस्।

च) 'भाँडो' कथामा भाँडोको समाज–सान्दर्भिक प्रतीकात्मकता के हो ?

छ) 'स्वतन्त्रताको सिंहासन' कथाको मूल आशय के हो ?

ज) प्रासङ्गिक कथा भनोको के हो ? उदाहरण दिएर बुझाउनुहोस्।

झ) कथामा स्थानीय रङको के महत्व छ ?

ञ) 'गोर्खा संसार' र नेपाली कथाको के सम्बन्ध छ ?

२००८

नेपाली

पाँचौँ पत्र

( नेपाली नाट्य साहित्य )

समय : दुई घण्टा | पूर्णाङ्क : ५०

१। नारीवादी दृष्टि लाई पृष्ठभूमिमा राखेर 'गोठाले' — को 'भूसको आगो' — नाटकमा पाइने नारी-मनोविज्ञानको सम्यक् विवेचना प्रस्तुत गर्नुहोस्। २०

अथवा

वस्तु तथा पात्र प्रयोगका दृष्टिले 'जेमन्त' नाटकका नाटकीय वैशिष्ट्यहरू निरूपण गर्नुहोस्।

२। कुनै दुई विषय बारे समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

क) 'अन्धवेग' — नाटकको शीर्षकीकरण।

ख) एकाङ्कीकार शिवकुमार राई।

ग) प्राचीन र आधुनिक नाटकमा पार्थक्य।

घ) शम्भुप्रसाद ढुङ्गेलको नाट्योपलब्धि।

३। तलका कुनै पाँच प्रश्न को उत्तर लेख्नुहोस्। प्रत्येक प्रश्नको उत्तर पाँचदेखि सात वाक्यसम्म हुनुपर्छ : ५×२=१०

क) नाट्यरूपक र रूपक अलङ्कारमा के भिन्नता छ?

[ Turn over



२००८

नेपाली

चौथो पत्र

( नेपाली गद्याख्यान )

द्वितीयार्द्ध

( नेपाली उपन्यास )

समय : दुई घण्टा | पूर्णाङ्क : ५०

१। मनोविश्लेषणवादी उपन्यासका रूपमा 'अनुराधा' को विश्लेषण गर्दै विजय मल्ललाई समाज-सचेत उपन्यासकारका रूपमा चिनाउन यो उपन्यास सफल छ वा छैन भन्ने विषयबारे सोदाहरण चर्चा गर्नुहोस्। २०

अथवा

ध्रुवचन्द्र गौतमलाई प्रयोगवादी उपन्यासकारका रूपमा परिचित गराउँदै 'अलिखित' उपन्यासमा चित्रित सन्त्रासपूर्ण जीवन, मिथकीय प्रयोग र व्यङ्ग्य-विधानको समीक्षात्मक अध्यन प्रस्तुत गर्नुहोस्।

२। कुनै दुईवटा विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

क) माध्यमिककालीन गद्याख्यानमा औपन्यासिकता।

ख) 'आज रमिता छ'-मा विसङ्गत जीवनको चित्रण।

ग) 'लङ्गडाको साथी'-मा यथार्थवादी चिन्तनको विस्तार।

घ) 'जुनेली रेखा'-मा विद्रोही स्वर।

[ Turn over

३। कुनै पाँचवटा विषयमा परिचयात्मक टिप्पनी लेख्नुहोस्। प्रत्येक टिप्पनी पाँचदेखि सात वाक्यभित्र हुनु आवश्यक छ : ५×२=१०

क) 'सुम्निमा' को दर्शन।

ख) कथनी बुढिया।

ग) मर्म्वीय पात्र।

घ) उपन्यासिका।

ङ) भिल्ल युवकको पात्रता।

च) पर्यावरण।

छ) समुद्रमान।

ज) 'महेन्द्रप्रमा'।

झ) गिरीशवल्लभ जोशी।

ञ) आन्तरिक दृष्टिविन्दु।



ख) 'अर्थ-प्रकृति' कति प्रकारका हुन्छन्? यसको नाटकीय प्रयोजन के हो?

ग) 'धीर' र 'वीर' नायकहरू कुन-कुन रसका लागि उपयोगी हुन्छन्?

घ) 'टीका'- एकाङ्कीमा पाइने रहस्यमय पक्षहरू के-के हुन्?

ङ) 'श्रव्य' संवादका प्रकारहरू के-के हुन्?

च) 'अभिनय'-कति प्रकारका हुन्छन्? के के?

छ) 'भित्रे घड़ी'— को तात्पर्य्य के हो?

ज) 'प्रकरण' भनेको के हो?

झ) कस्ता नाटकलाई विसङ्गतिवादी नाटक भनिन्छ?

ञ) नाट्यवृत्ति भन्नाले के बुझिन्छ?

PG Part–I (Under DE Mode) Exam., 2009

# नेपाली

## पहिलो पत्र

( सामान्य भाषाविज्ञान र नेपाली भाषाको अध्ययन )

### प्रथमार्द्ध

( सामान्य भाषाविज्ञान )

*समय* : 2 घण्टा *पूर्णाङ्क* : 50

*दाहिने तर्फ दिइएको अङ्क पूर्णाङ्कलाई निर्दिष्ट गर्छ।*

1. भाषाको आक्षरिक संरचना भन्नाले के बुझिन्छ? अक्षरको अवधारणा प्रस्ट पार्दै अक्षर-विश्लेषणका विभिन्न तरिका सोदाहरण चिनाउनुहोस्। 20

अथवा

भाषाको वाक्यात्मक संरचना भन्नाले के बुझिन्छ? वाक्यात्मक संरचनाको अध्ययनमा निकट-घटक विश्लेषणको अवधारणा कतिसम्म उपयोगी हुनसक्छ? उदाहरण दिएर प्रस्ट पार्नुहोस्।

2. कुनै दुईवटा विषयमा टिप्पणी लेख्नुहोस् : 10×2=20

(क) अर्थ र यसको प्रतीति

(ख) रूपिम निर्धारण पद्धति

(ग) भाषिक ध्वनिको उच्चारण प्रक्रिया

(घ) स्वरवर्ण





PG Part–I (Under DE Mode) Exam., 2009

# नेपाली

## पहिलो पत्र

( सामान्य भाषाविज्ञान र नेपाली भाषाको अध्ययन )

### द्वितीयार्द्ध

( नेपाली भाषा अध्ययन )

*समय* : 2 घण्टा *पूर्णाङ्क* : 50

*दाहिने तर्फ दिइएको अङ्क पूर्णाङ्कलाई निर्दिष्ट गर्छ।*

1. नेपाली भाषाको नालीबेली केलाउँदै अभिलेखकालीन खस भाषा र परवर्ती नेपालीकरण गरिएको 'नेपाली' भाषाका मूल पार्थक्यबारे टिप्पणी लेख्नुहोस्। 20

अथवा

नेपाली भाषाका भँडारमा पाइने शब्दहरूका विविध स्रोतको परिचय दिँदै संस्कृतेतर स्रोतका शब्दहरूको प्रविष्टिका कारण दर्शाउनुहोस्।

2. कुनै दुई विषय लिई टिप्पणी लेख्नुहोस् : 10×2=20

(क) भानुभक्त-कालको नेपाली भाषा र वर्तमानको नेपाली भाषाका पृथकता

(ख) नेपाली तद्भव शब्दहरूमा ध्वनि परिवर्तनका दिशा

(ग) जनजिब्रो र निर्देशात्मक व्याकरण व्यवस्था

(घ) खस जाति र खस भाषा

3. कुनै पाँच विषय लिई संक्षिप्त टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभित्र लेखिएको हुनुपर्छ : 2×5=10

(क) 'नामयोगी' र 'कारक-विभक्ति'

(ख) अक्षरको 'अक्ष'

(ग) वर्ण र संवर्ण

(घ) नेपाली निपात शब्द

(ङ) 'ध्वनिको धन्धा'

(च) प्राकृत भाषा

(छ) जयपृथ्वीबहादुर सिंह

(ज) राल्फ लिली टर्नर

(झ) हलन्त बहिष्कार

★★★





3. कुनै पाँचवटा विषयमा संक्षिप्त टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभित्र लेखिनुपर्छ : 2×5=10

(क) द्विस्वरविरोध

(ख) स्वरसङ्गति

(ग) व्यञ्जनगुच्छ

(घ) पर्यायवाचिता

(ङ) प्रशाखन

(च) रूपान्तरण

(छ) भ्रामक व्युत्पत्ति

(ज) परिपूरक वितरण

(झ) लेखिम

★★★

# PG Part–I (Under DE Mode) Exam., 2009

## नेपाली

### दोस्रो पत्र

( नेपाली साहित्यको इतिहास )

प्रथमार्द्ध

( साहित्येतिहासको अवधारणा, अध्ययन पद्धति र आधुनिक-कालपूर्वको नेपाली साहित्यको इतिहास )

*समय* : 2 घण्टा | *पूर्णाङ्क* : 50

*दाहिने तर्फ दिइएको अङ्क पूर्णाङ्कलाई निर्दिष्ट गर्छ।*

1. 'इतिहास दर्शन'-को अवधारणा स्पष्ट पारी इतिहास र साहित्येतिहास माझ रहेको भेद-साम्य खुट्याउनुहोस्। 20

अथवा

प्राथमिककालीन नेपाली गद्याख्यानको विकास र यसका विविध धाराहरूको सविस्तार चर्चा गर्नुहोस्।

2. कुनै दुईवटा विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : 10×2=20

(क) जयपृथ्वीबहादुर सिंहको कृतित्व

(ख) रीतिकाव्यकार हीनंव्याकरणी विद्यापति

(ग) गोरखा ग्रन्थ प्रचारक मण्डली, बम्बई

(घ) गङ्गाप्रसाद प्रधानका अनूदित कृतिहरू





# PG Part–I (Under DE Mode) Exam., 2009

## नेपाली

### दोस्रो पत्र

( नेपाली साहित्यको इतिहास )

द्वितीयार्द्ध

( आधुनिक नेपाली साहित्यको इतिहास )

*समय* : 2 घण्टा | *पूर्णाङ्क* : 50

*दाहिने तर्फ दिइएको अङ्क पूर्णाङ्कलाई निर्दिष्ट गर्छ।*

1. साहित्यमा आधुनिकताको अवधारणा स्पष्ट पार्दै सन् १९१८-देखि यताको भारतीय नेपाली साहित्यको आधुनिक स्वरूप चिनाउनुहोस्। 20

अथवा

नेपाली साहित्यालोचनाका सैद्धान्तिक आधार स्पष्ट पारी यसको स्वरूप र विकास प्रक्रियाको अध्ययन प्रस्तुत गर्नुहोस्।

2. **कुनै दुईवटा** विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : 10×2=20

(क) नेपाली साहित्यमा विधाभञ्जनको प्रयोग

(ख) शास्त्रीयतावाद

(ग) नेपाली साहित्यमा प्रगतिवाद

(घ) दार्जिलिङ-सिक्किम क्षेत्रमा मञ्चित आधुनिक नेपाली नाटक

3. कुनै पाँचवटाको परिचयात्मक टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभित्र हुनु आवश्यक छ : 2×5=10

(क) असीत व्यङ्ग्य

(ख) 'नरसिंह अवतार'

(ग) 'फूलको आतङ्क'

(घ) 'चिसो चूल्हो'

(ङ) 'भूसको आगो'

(च) 'लड़ वीरबहादुर! तिमी लड़'

(छ) 'पल्लो घरको झ्याल'

(ज) 'बदनाम मेरा यी आँखाहरू'

(झ) 'पहिलो पहर'

★★★





3. कुनै पाँचवटाबारे टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभित्र हुनु आवश्यक छ : 2×5=10

(क) हाजिरमान राई

(ख) 'पुरानु बातको अर्जी'

(ग) माध्यमिककालीन समस्यापूर्ति कविता

(घ) 'सूक्तिसिन्धु'

(ङ) चिरञ्जीवी पौडेल

(च) 'गोरखापत्र'

(छ) 'अटलबहादुर'

(ज) ज्ञानदिलदास

(झ) 'वीरसिक्का'

★★★

# PG Part–I (Under DE Mode) Exam., 2009

## नेपाली

### तेस्रो पत्र

### ( नेपाली कविता )

### प्रथमार्द्ध

### ( प्रारम्भदेखि देवकोटासम्म )

*समय* : 2 घण्टा | *पूर्णाङ्क* : 50

*दाहिने तर्फ दिइएको अङ्क पूर्णाङ्कलाई निर्दिष्ट गर्छ।*

**1.** 'तरुण तपसी'-लाई "यो काव्य लाल रक्तको छैन, यसलाई हामी हरियो काव्य भन्न सक्छौँ"—भनेर के भनेको हो? यो भनाइ कतिसम्म सार्थक छ भन्ने ठान्नु हुन्छ? किन? सोदाहरण विवेचनात्मक उत्तर लेख्नुहोस्। 5+5+10=20

**अथवा**

नेपाली महाकाव्यको विकासमा महाकवि लक्ष्मीप्रसाद देवकोटाले गरेको योगदानमा प्रकाश पार्दै 'प्रमिथस' महाकाव्यका विशेषताहरू केलाएर देखाउनुहोस् अनि कवित्वको गुणस्तरका दृष्टिले 'प्रमिथस' महाकाव्यको मूल्याङ्कन पनि गर्नुहोस्। 7+8+5=20

**2.** कुनै **दुई** विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : 10×2=20

(क) मोतीराम भट्टका गजलहरूका विशेषताहरू

(ख) ज्ञानदिल दास र उनको 'उदय लहरी'

(ग) नेपाली भक्ति-काव्यका धारा एवम् उपधाराहरू

(घ) भानुभक्तीय रामायणको उत्तरकाण्ड

3. कुनै पाँच प्रश्नको उत्तर लेख्नुहोस्। प्रत्येक प्रश्नोत्तर पाँचदेखि सात वाक्यभित्र हुनु आवश्यक छ : 2×5=10

(क) 'कविता-तत्त्व' भन्नाले के बुझ्नुहुन्छ? अलङ्कार काव्य-कविताको आभ्यन्तर तत्त्व हो कि बाह्य तत्त्व हो? किन?

(ख) ''मुसुक्क हाँसीकन नेत्र तर्दी
सुटुक्क मेरो लियि चित्त फर्की।
फुरुक्क पर्छयौ तिमी बिघ्न प्यारी
मलाई बाधा हुन जान्छ भारी॥''

प्रस्तुत कविता पङ्क्तिका रचयिता को हुन्? यी कविता पङ्क्ति कुन छन्दमा छन्? लक्षण सहित त्यस छन्दको नाम लेख्नुहोस्।

(ग) सुवानन्द दासको 'पृथ्वीनारायण' कविताबाट थालिएको नेपाली कविताले अहिलेसम्म आइपुग्दा आफ्नो विकासक्रममा के-कस्ता धारा, उपधाराहरू अँगाल्दै आएको देखिन्छ? समयावधिकासाथ ती धारा, उपधाराहरूको नाम लेख्नुहोस्।

(घ) भानुभक्तीय रामायणलाई 'आध्यात्मिक भक्तिकाव्य' भन्न सकिन्छ? किन?

(ङ) 'पिकदूत' खण्डकाव्यकी नायिका प्रोषितभर्तृका नायिका हुन् कि विरहोत्कण्ठिता नायिका हुन्? किन?

(च) वसन्तशर्माको 'श्रीकृष्णचरित्र'-लाई 'खण्डकाव्य' भन्नु कि 'लामो कविता' भन्नु? किन?





(छ) '''सूक्तिसिन्धु' नै क्षयोन्मुख कविताको नमूना हो''—हो? किन?

(ज) आयाम एवं संरचना-स्वरूपका आधारमा कविताका के-कस्ता भेदहरू मानिएका छन्? नाम लेख्नुहोस्।

(झ) यदुनाथ पोखरेलको 'स्तुतिपद्य-१' कविता स्तुति-काव्य हो कि वीर-काव्य हो? किन?

★★★

PG–I/DE/Exam., 2009

## PG Part–I (Under DE Mode) Exam., 2009

# नेपाली

## तेस्रो पत्र

## ( नेपाली कविता )

## द्वितीयार्द्ध

## ( समदेखि ओकिउयामा ग्वाइनसम्म )

*समय* : 2 घण्टा *पूर्णाङ्क* : 50

*दाहिने तर्फ दिइएको अङ्क पूर्णाङ्कलाई निर्दिष्ट गर्छ।*

**1.** अगमसिंह गिरीका काव्य-प्रवृत्तिको चर्चा गर्दै भाव र शैलीका आधारमा उनको 'जलेको प्रतिबिम्ब रोएको प्रतिध्वनि' कविताको विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्नुहोस्। 20

अथवा

भाव र शिल्प पक्षका आधारमा कवि वैरागी काइँलाको 'गङ्गा निलो बग्छु' कविताको विश्लेषण र मूल्याङ्कन गर्नुहोस्।

**2.** निम्न कुनै दुई विषयमाथि समीक्षात्मक टिप्पणी लेख्नुहोस् : 10×2=20

(क) ईश्वरवल्लभका कवितामा बिम्ब संयोजन

(ख) गद्य कविताका प्रवर्त्तक गोपालप्रसाद रिमाल

(ग) भूपि शेरचनको काव्य-शैली

(घ) 'घाइते युग' कविताको मूल स्वर



PG–I/DE/Exam., 2009

PG Part–I (Under DE Mode) Exam., 2009

नेपाली

## पाँचौं पत्र

## ( नेपाली नाट्य साहित्य )

*समय* : 2 घण्टा *पूर्णाङ्क* : 50

*दाहिने तर्फ दिइएको अङ्क पूर्णाङ्कलाई निर्दिष्ट गर्छ।*

**1.** माध्यमिककालीन नेपाली नाटकको विकासमा शम्भुप्रसाद ढुङ्गेलले गरेको योगदानमा प्रकाश पार्दै उनको 'शकुन्तला' नाटकको साहित्यिक मूल्य दर्शाउनुहोस्। 20

अथवा

आधुनिक नेपाली नाटकको उत्थानमा बालकृष्ण समको योगदानको मूल्याङ्कन गर्दै उनको 'अन्धवेग' नाटकमा पाइने युगबोधको समीक्षा गर्नुहोस्।

**2.** कुनै **दुई** विषयबारे समीक्षात्मक टिप्पणी लेख्नुहोस् : 10×2=20

(क) 'मसान' नाटकमा नारीवादी चिन्तन

(ख) 'भूसको आगो' नाटकको शीर्षकको सार्थकता

(ग) 'भित्ते घड़ी' एकाङ्कीमा 'घड़ी'-को प्रतीकात्मक अर्थ

(घ) 'अँध्यारोमा बाँच्नेहरू' एकाङ्कीको साङ्केतिकता

3. तलका कुनै **पाँचवटा** प्रश्नको उत्तर लेख्नुहोस्। प्रत्येक प्रश्नको उत्तर पाँचदेखि सात वाक्यसम्म हुनुपर्छ : 2×5=10

(क) नाटकमा 'भरतवाक्य' भन्नाले के बुझिन्छ?

(ख) कस्ती नायिकालाई विरहोत्कण्ठिता भनिन्छ?

(ग) प्रकरण भनेको के हो?

(घ) 'माग' एकाङ्कीमा मागको अपूर्णताले के-कुराको सङ्केत गरेको छ?

(ङ) प्राविधिक प्रयोगका दृष्टिले 'यमा' कस्तो नाटक हो?

(च) नाटकीय सन्धि भन्नाले के बुझिन्छ?

(छ) 'तीन गँजड़ीको चन्द्रलोक यात्रा'-को प्रेरक पृष्ठभूमि के हो?

(ज) नाटकीय एकालाप भनेको के हो?

(झ) 'टीका' एकाङ्कीलाई करुणामूलक एकाङ्की भन्न सकिन्छ? किन?

★★★





3. निम्नलिखित कुनै **पाँचवटा** प्रश्नको उत्तर लेख्नुहोस्। प्रत्येक उत्तर पाँचदेखि सात वाक्यभित्र हुनुपर्छ : 2×5=10

(क) ''कुनै परिभाषा, मान्यता अथवा वादलाई अघि राखेर मैले कविता कहिल्यै लेखिन।'' प्रस्तुत कथन कुन कविको हो? कविता लेख्नलाई उपर्युक्त कुराहरू अनिवार्य छन् त?

(ख) 'दन्त्यकथा' कसको कविता हो? यसबाट कविले कस्तो आशय प्रस्तुत गरेका छन्?

(ग) मोहन कोइराला कस्ता कवि हुन्? उनले कुन युगलाई प्रतिनिधित्व गरेका छन्?

(घ) ''काठमाडौंमा जन्मेका ईश्वरवल्लभ दार्जिलिङमा दोस्रो जन्म लिन पुग्नु भयो।'' प्रस्तुत भनाइ कसको हो र 'दोस्रो जन्म'-को तात्पर्य के हो?

(ङ) ''अमृतको कण नबन्-नबन् बनिदे नाशक विषको भाँड़ा'' —यो कवितांश कुन कविको कुन कविताबाट उद्धृत गरिएको हो? 'विषको भाँड़ा'-को आशय के हो?

(च) 'चित्रलेखा' भित्रका कविताहरू स्वच्छन्दतावादी धाराका हुन् कि प्रयोगवादी धाराका हुन्? कसरी?

(छ) पद्य कविता र गद्य कविता-मा के के साम्य र भेद छ?

(ज) 'आगो र पानी' खण्ड-काव्यलाई किन 'बौद्धिकताको प्रयोग' भनिएको हो? यसो भन्ने विद्वान् को हुन्?

(झ) ''उफ़! मृत्यु, आज बजारबाट खाली हात गयो!'' प्रस्तुत कवितांश कुन कविताबाट उद्धृत गरिएको हो? 'मृत्यु'-को प्रसङ्ग यहाँ कसरी आयो?

★★★

**PG Part–I (Under DE Mode) Exam., 2009**

# नेपाली

## चौथो पत्र

## ( नेपाली गद्याख्यान )

## प्रथमार्द्ध

## ( नेपाली कथा )

*समय* : 2 घण्टा *पूर्णाङ्क* : 50

*दाहिने तर्फ दिइएको अङ्क पूर्णाङ्कलाई निर्दिष्ट गर्छ।*

**1.** ग्रामीण अनि लोकजीवनका कथाकारका रूपमा गुरुप्रसाद मैनाली र शिवकुमार राईको तुलनात्मक अध्ययन प्रस्तुत गर्दै 'फ्रण्टियर'-मा सङ्ग्रहित कथाहरूमा पाइने नेपाली समाज, जीवन र संस्कृतिको चित्रणमाथि प्रकाश पार्नुहोस्। 20

**अथवा**

नेपाली साहित्यमा मनोवैज्ञानिक यथार्थवादी कथालेखनको परम्परामा गोविन्द गोठालेका कथा-शिल्पको चर्चा गर्दै 'खेल' कथामा अन्तर्निहित द्वन्द्वबारे समीक्षात्मक अध्ययन प्रस्तुत गर्नुहोस्।

**2.** कुनै **दुईवटा** विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : 10×2=20

(क) 'जिम्मेवारी कसको?'-मा विचार-पक्ष

(ख) 'श्वेत भैरवी' कथामा प्रकृति र नारी

(ग) 'तिउरीको फूल पाइरियाको गन्ध'-मा विपर्यय स्थितिको समायोजन

(घ) भवानी भिक्षुको कथा-शिल्प





**PG Part–I (Under DE Mode) Exam., 2009**

# नेपाली

## चौथो पत्र

## ( नेपाली गद्याख्यान )

## द्वितीयार्द्ध

## ( नेपाली उपन्यास )

*समय* : 2 घण्टा *पूर्णाङ्क* : 50

*दाहिने तर्फ दिइएको अङ्क पूर्णाङ्कलाई निर्दिष्ट गर्छ।*

**1.** नेपाली उपन्यासमा देखापरेका मुख्य-मुख्य प्रवृत्तिहरूको चर्चा गर्दै अस्तित्ववादी दर्शनका आधारमा 'शिरीषको फूल' उपन्यासको समीक्षा गर्नुहोस्। 20

**अथवा**

'जुनेली रेखा' उपन्यासले चिया कमानमा भएको अत्याचारको विरोध गरेको छ कि सङ्घर्षबाट पलायन गरेको छ? समीक्षात्मक उत्तर लेख्नुहोस्।

**2.** कुनै **दुईवटा** विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : 10×2=20

(क) 'अनुराधा'-मा मनोग्रन्थिको विश्लेषण

(ख) प्रयोगवादी उपन्यासका रूपमा 'अलिखित'

(ग) 'सुम्निमा' उपन्यासको द्वन्द्व विधान

(घ) 'आज रमिता छ' उपन्यासको संरचना-पक्ष

3. कुनै पाँचवटा विषयमा परिचयात्मक टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभित्र हुनु आवश्यक छ : 2×5=10

(क) 'इन्सेक्ट किलर'

(ख) बिजुवा

(ग) 'वीरचरित्र'

(घ) कथानक र कथा

(ङ) श्याम व्यङ्ग्य

(च) 'महाकाल जासुस'

(छ) सार्वभौम पात्र

(ज) 'अलिखित'-को 'म' पात्र

(झ) विचार-तत्त्व

★ ★ ★





3. कुनै पाँचवटा प्रश्नको उत्तर लेख्नुहोस्। प्रत्येक प्रश्नको उत्तर पाँचदेखि सात वाक्यभित्र हुनु आवश्यक छ : 2×5=10

(क) 'रोगग्रस्त' कथाको बुनोटमा के-कस्तो प्रयोग छ? स्पष्ट पार्नुहोस्।

(ख) भाव-परिमण्डल भन्नाले के बुझिन्छ?

(ग) दृश्यात्मक पद्धति भनेको के हो? कथामा यसको भूमिका कस्तो हुन्छ?

(घ) 'उज्यालो' निबन्ध हो कि कथा? कसरी?

(ङ) 'श्वेत भैरवी' कथामा 'भैरवी' पदले व्यक्त गर्नचाहेको अर्थ के हो? श्वेत भैरवी किन भनिएको हो?

(च) 'जिम्मेवारी कसको?' कथामा जिम्मेवारी कसको छ? कसरी?

(छ) 'आमा' कथाको भावभूमि के हो?

(ज) कथाको सन्दर्भ लिएर 'कालाग्नि' पदको अर्थ खुलस्त पार्नुहोस्।

(झ) पारम्परिक र मौलिक पात्रमाझ के भिन्नता छ?

★ ★ ★